# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७०

## चितवन

### खण्ड-१ः परिचय

### १.१.पृष्ठभूमि

चितवन जिल्लामा बाढी, पहिरो, आगलागी, खडेरी, वन्यजन्तुको आक्रमण, सडक दुर्घटना, चट्याङ जस्ता प्रकोपहरूले विपद्जन्य घटनाहरू सिर्जना गरिरहेका छन् । मौसमको विषमताका कारण भोग्नुपर्ने बिभिन्न समस्याहरू सहित जिल्लाका बिभिन्न क्षेत्रहरू सडक तथा औद्योगिक दुर्घटना जस्ता प्रकोपबाट उच्च जोखिममा रहेका छन् । भुकम्प जस्ता प्रकोपहरूको सम्मुखता यकिन गर्न नसकिएता पनि यस प्रतिको जिल्लाको सम्बेदनशिलता उच्च रहेको छ । यी प्रकोपहरु सम्बन्धी बिस्तृत जानकारीहरु जिल्ला विपद् ब्यवस्थापन कार्ययोजना-२०६० र नपा तथा गाविसहरूको विपद् ब्यवस्थापन योजना-२०६५मा उल्लेख गरिएको छ ।

प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने मानिसको जीउधन तथा सम्पतिको क्षतिलाई न्यून गर्नका लागि चितवन जिल्लाले वि.सं. २०६० देखि नै योजनाबद्ध कृयाकलापहरू सञ्चालन गर्दै आएको छ । यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना ती योजनाहरू कार्यान्वियनबाट प्राप्त अनुभव र सिकाईहरूका आधारमा आवश्यक परिमार्जन गरिँदै आएका छन् । वि.सं. २०६४ देखि गृह मन्त्रालयले विपद् जोखिम न्यूनीकरणमा संलग्न निकायहरुको प्रतिकार्य क्षमतालाई सुधार्नको लागि उद्धारकर्ताको संगठनात्मक भूमिका, प्रकृया र पद्द्तिका बारेमा छलफल गर्न विभिन्न समयमा राष्ट्रसंघीय निकाय, अर्न्तराष्ट्रिय गैसस, रेडक्रस तथा सरकारी अधिकारीहरुको संलग्नतामा जिल्ला, क्षेत्र र केन्द्रीय तहमा भएका विभिन्न गोष्ठी तथा छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई समावेश गरी “विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन-२०६७” तयार गरी लागू गरेको छ ।

जिल्ला स्तरको विपद् व्यवस्थापनका लागि उपलब्ध भौतिक, मानविय र आर्थिक श्रोतहरुलाई आँकलन गरी नेपाल सरकारको बिपद् जोखिम ब्यवस्थापनको रणनीति र उद्धारका न्यूनतम आधारभूत पक्षहरुलाई दृष्टिगत गरी तयार गरिएको यो संक्षिप्त कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमोदन भएको हो । विपद् पूर्व तयारी प्रतिकार्य योजना मार्गदर्शन-२०६७ का प्रावधानहरू समेतलाई ध्यान दिई अघिल्लो वर्षको योजनालाई समयानुकूल परिमार्जन गरि यो कार्य योजना- २०७० तयार गरिएको छ ।

जिल्लाभित्र विपद् सम्बन्धी कुनै घटना घटेको जानकारी हुना साथ यस कार्ययोजनामा उल्लेखित विषयगत क्षेत्रगतका अगुवा निकायहरू एवं अधिकारीहरू स्वतः सकृय हुनेछन् । साथै वर्षायाम भरी विषयगत क्षेत्र भित्र रहेका निकाय तथा कार्यालयहरुलाई संयोजन गर्ने पदाधिकारीले आफ्नो अनुपस्थितिमा यो कार्ययोजना कार्यान्वयनमा तत्पर रहन अधिनस्थ कर्मचारी, पदाधिकारीलाई जानकारी एवं निर्देशन दिनुपर्दछ । कार्ययोजनाको समग्र कार्यान्वयनको नेतृत्व जिल्ला विपद् ब्यवस्थापन समिति चितवनले गर्नेछ ।

### १.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

- प्रकोप जोखिम न्युनिकरण तथा पूर्व तयारीमा सम्बन्धित निकायहरू वीचको समन्वय सुदृढ भएको हुनेछ ।
- जिल्लामा सम्भावित प्रकोप र संकटासन्न क्षेत्र समुदाय सम्बन्धि जानकारी अद्यावधिक भएको हुनेछ ।
- जिल्लाका समुदायमा विपद् जोखिम न्यूनीकरण सम्बन्धि कृयाकलापहरूले थप गति लिएका हुनेछन् ।
- जिल्लामा विपद्हरूबाट हुने धनजनको क्षतिमा कमि आएको हुनेछ ।

### १.३. सामान्य पूर्वतयारी योजना

#### १.३.१.मानवीय सहायतामा संलग्न साझेदार निकायको विवरण

चितवन जिल्लामा सुरक्षा निकायहरु, सरकारी कार्यालयहरु लगायत विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी

संघसंस्थाहरु मानवीय सहयोगका लागि कार्यरत रहेको छ । यी बाहेक जिल्लामा विभिन्न सञ्जालहरु जस्तै नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, उद्योग बाणिज्य संघ, स्थानिय शान्ति समिती आदि निकायहरु मानवीय सहायताको लागि प्रतिबद्ध भई जिम्मेवारी निर्वाह गरिरहेका छन् । प्राप्त विवरणको आधारमा सरकारी तथा गैर सरकारी कार्यालय/निकायहरुको सम्पर्क सूचि विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको शिर्षक भित्र राखिएको छ ।

### १.३.२. सन्दर्भ सामग्री पुनरावलोकन

| क्र.स. | प्रतिवेदन/प्रकाशनको नाम | सिकाई/असल अभ्यासहरु |
|---|---|---|
| १ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०६९ | जिल्ला स्तरिय विपद्को स्तरिकरण, विषयगत क्षेत्रमा भएका प्रयासहरु |
| २ | गाविस तथा नपा स्तरिय विपद् व्यवस्थापन योजना, २०६५ | जिल्ला स्तरमा प्रकोपको स्तरिकरण, स्थानिय तहको विपद् व्यवस्थापन योजना, सरोकारवालाहरु विश्लेषण |
| ३ | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | विपद् व्यवस्थापनका लागि राष्ट्रिय स्तरमा तयार भएको नीतिबारे ज्ञान र सो सम्बन्धि प्रक्रियागत स्पष्टता |
| ४ | दैवी प्रकोप उद्धार ऐन, २०३९ | उद्धार ऐनमा भएको व्यवस्था, मापदण्ड र सरकारी संरचना बारे ज्ञान |
| ५ | स्थानीय स्वायत्त शासन ऐन, २०५५ | विकास र विपद् व्यवस्थापन विच गरिनु पर्ने कार्य र स्थानिय निक( ायको भुमिकामा प्रष्टता |
| ६ | स्फेयर परियोजना | राहत मापदण्ड र न्यूनतम आवश्यकता बारे ज्ञान |

### १.३.३. विभिन्न वैठकका निर्णयहरु

जिल्ला विपद् व्यवस्थापन समिति, चितवनले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७० तर्जुमाको सन्दर्भमा विभिन्न समयमा गरेको बैठकका निर्णयहरु एवं पुनरावलोकनका लागि गरिएका निर्णयहरु तपसिल अनुसार राखिएको छ ।

१ जिल्लामा सम्वन्धित सरोकारवालाहरुलाई पुर्ण तयारी अवस्थामा रहनको लागी जिल्ला विपद् व्यवस्थापन समिति, संचारकर्मीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, गाविस, उद्योग तथा वाणिज्य, उपभोक्ता समिति र अन्य संघसंस्था तथा महानुभावलाई विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागी अनुरोध गर्ने निर्णय गरियो ।

२ जिल्ला विपद् जोखिम व्यवस्थापन कार्ययोजना र वाढी पुर्व तथा सूचना सम्प्रेषण र उद्धार व्यवस्थापनका लागी सम्पर्क मोवाईल, टेलिफोन सूचि तयारीका लागी तपसिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

क) संयोजक : वलराम लुईटेल, सूचना अधिकृत, जिल्ला विकास समिति,

ख) सदस्य : मानवहादुर वोहोरा, प्रहरी निरक्षक, सशस्त्र प्रहरी कार्यालय

ग) सदस्य : जगन्नाथ न्यौपाने, वरिष्ठ जिल्ला शाखा अधिकृत नेपाल रेडक्रस सोसाईटी

घ) सदस्य : राम के.सी., अधिकृत छैठौं, जिल्ला जनस्वास्थ्य कार्यालय

ङ.) सदस्य : वृद्धि कुमाल, परियोजना अधिकृत, प्राक्टिकल एक्सन नेपाल

३ . नारायणी नदीको माथिल्लो तटिय क्षेत्र देवघाटमा रहेको मौसम तथा वर्षा मापन केन्द्रका कर्मचारी र राप्ती नदीको माथिल्लो तटिय क्षेत्रमा रहेको रजैया केन्द्रका कर्मचारी १/१ जनालाई रु ४०००।०० पारिश्रमिक र टेलिफोन खर्च रु २०००।०० प्रति महिनाका दरले दिने गरि ३ महिनाको लागि जनही जम्मा रु १८०००।०० का दरले जम्मा रु ३६०००।०० सहयोग गर्न जिल्ला विकास समितिसंग अनुरोध गर्ने निर्णय गरियो ।

४. स्थानीय रेडियो, पत्रपत्रिका र टेलिभिजन च्यानलहरुलाई सम्वन्धित निकायसंग समन्वय गरी वा आधिकारिक सूचनाहरु प्राप्त हुनसाथ यथाशिघ्र सम्प्रेषण गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

५ माडी क्षेत्रमा वाढी प्रकोपको समस्या वर्षेनि आईरहने भएकोले उक्त क्षेत्रमा सतर्क अवस्थामा रहन गाउँ विकास समिति,

नेपाल रेडक्रस सोसाईटीहरु उपशाखाहरुको भवनमा उद्धार तथा राहतका न्यूनतम सामग्रीहरु राख्ने निर्णय गरियो ।

६. जिल्लास्तरका सरकारी निकायका मोटर, भ्यान, जिप, ट्रक, दमकल आदि सवारी साधनहरु मर्मत गरि सो उद्धारका समानलाई सहज रुपमा प्रयोग गर्न मिल्ने गरि तयारी अवस्थामा राख्न सम्वन्धित निकायमा जानकारी गराउन निर्णय गरियो ।

७. यस कार्ययोजनामा गठन भएका उपसमिति, कार्यदल र सचिवालय सेलका पदाधिकारीहरुले आ-आफ्नो जिम्मेवारीका साथ कार्य गर्न र विपद्का समयमा उद्धार, राहत र पुनस्थापना गर्नका लागी परस्पर समन्वयमा रही रहन निर्देशन गर्ने ।

८. विविध सम्वन्धमा विपद्को समयमा जुनसुकै समयमा वैठक वस्न सक्ने भएकोले आपतकालीन वैठक वोलाईएको वखत उपस्थिति हुनु पर्ने निर्णय गरियो ।

९ माडी क्षेत्रमा विपद् आउन सक्ने सम्भावनालाई अनुमान गरि एक चिकित्सक सहितको स्वास्थ्य टोलीलाई तयारी अवस्थामा राख्न जिल्ला जनस्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

१०. जिल्ला आपतकालीन कार्य संचालन केन्द्रको गठन, कार्य संचालनका वारेमा छलफल भयो । साथै यस संचालन केन्द्रवाट तपसिल अनुसार उद्धार सामग्रीहरु तपसिलका निकायमा उपलव्ध गराउने साथै सम्वन्धित कार्यालयवाट आम्दानीको जानकारी पनि लिने निर्णय गरियो ।

| क स | सम्वन्धित निकायको नाम | लाईफ ज्याकेट | किट व्याग | फाईरउड स्टीडन्यूउजर |
|---|---|---|---|---|
| १ | शसस्त्र प्रहरी गढी माई भण्डरा | ६ | १ | १ |
| २ | शमसेर दल गण भरतपुर | ६ | १ | १ |
| ३ | सिमा सुरक्षा कार्यालय, भरतपुर | ६ | १ | १ |
| ४ | नन्दावक्स गण कसरा | ५ | १ | १ |
| ५ | प्रहरी चौकी, पर्साढाप | ४ | १ | |
| ६ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा | ४ | १ | |
| ७ | मध्य क्षेत्र प्रहरी तालीम केन्द्र | ४ | १ | |

११ हावाहुरीवाट केरावालीमा र फौजी किराले धान वालीमा पुऱ्याएको क्षतिको लागी रु २ लाख ५० हजारका दरले जम्मा रु ५ लाख राहत स्वरुप आएकोमा मूल्याकंन गरि वितरण गर्न र वितरण भैसकेपछि अनुमोदन गर्नका लागी जिल्ला विपद् व्यवस्थापन समितिमा व्यवस्थापन गर्न जिल्ला कृषि विकास कार्यालयलाई जिम्मा दिने निर्णय गरियो । यसको साथै आउँदा समयमा विभिन्न निकायमा आएको राहत रकम वारेमा जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनुपर्ने निर्णय गरियो ।

१२ जिल्ला आपतकालीन कार्य संचालन केन्द्रमा रहेका सामग्रीहरुको व्यवहारिक अभ्यास गर्न परिदृश्य अभ्यास (Similation) उपयुक्त समयमा सन्चालन गर्ने त्यस्को पुर्ण तयारी वैठकको कार्ययोजना निर्माण गर्ने निर्णय गरियो ।

१३ एसएमएसको माध्यमले सूचना दिने पद्धतिमा विकास गर्न निःशुल्क रुपमा एसएमएस प्रणालीको लागी नेपाल टेलिकमलाई अनुरोध गर्ने निर्णय गरियो ।

१४. सवै सरकारी कार्यालयहरु तथा संघसंस्था समेतले विपद्को अवस्थामा के कस्तो सेवा पुऱ्याउने भन्ने सम्वन्धमा एकिकृत मार्गदर्शन तयार गर्न प्राक्टिकल एक्सनलाई अनुरोध गर्ने निर्णय गरियो ।

१५. २०५० सालमा आएको भिषण वाढीवाट चितवन जिल्लाका पुर्वी क्षेत्रका ९ वटा गाविसमा ठुलो धनजनको क्षति भएको अवस्थामा सो वाढीवाट विस्थापित भएका परिवारहरुलाई पुनः स्थापित गर्नका लागी केन्द्रिय दैवि प्रकोप उद्धार समिति (गृह मन्त्रालय) वाट रु ९ लाख निकासा भई चैनपुर गाविस वडा न ७ मा ३ विगहा १० कठ्ठा जग्गा खरिद गरिएको र सो जग्गामा रेड वर्ना नामक गैरसरकारी संस्थाले ५५ घर निर्माण गरि वाढी पिडितहरु वसोवास गर्दै आईरहेकोमा हाल उक्त स्थानमा वसोवास गर्ने वाढी पिडितहरुले सो भवन निर्माण गर्दा हाम्रो पनि जनसहभागीता रहेको हुँदा सो जग्गा जुन जुन वाढी पिडितले प्रयोग गरेका छन् सो को नाममा हस्तान्तरण गरि दिन अनुरोध भई आएकोले, सोही व्यहोरा केन्द्रिय दैवि प्रकोप उद्धार समिति मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१६. जिल्ला आपत्कालीन संचालन केन्द्रलाइ प्रभावकारी रुपमा संचालनका लागी भवन निर्माण गरिदन प्राक्टिकल एक्सनलाई अनुरोध गर्ने निर्णय गरियो ।

१७. विपद्को समयमा Cluster Lead गर्ने कार्यालय र निकायहरुले सम्पादन गर्ने कार्यहरुको विषयसुचि, निर्देशिका तयार गर्न र जिल्ला आपत्कालीन संचालन केन्द्रका लागी आवश्यक पर्ने भवन, निर्माणका लागी सहयोगी संस्था प्राक्टिकल एक्सन लाई अनुरोध गर्ने निर्णय गरियो ।

१८. नारायणी र राप्ती नदीको तहको अवस्था सर्वसाधरणले वुझ्न वा खतराको सकेत देखाउन सक्ने डिस्प्ले वोर्ड तयारी गरि जिल्ला आपत्कालीन कार्यसंचालन केन्दमा राख्न प्राक्टिकल एक्सनलाई अनुरोध गर्ने निर्णय गरियो ।

१९. वासको सहज उपलब्धी र थोरै लागतका कारण नेपालमा सजिलै निमार्ण गर्न सकिने "Reciprocal Frame" को वनावट र प्रकोपको दिर्घकालीन पूनःस्थापनाको समयमा एक पक्का तथा बलियो शिविरको रुपमा परिणत गर्न "ReciproBoo" शिविर सम्बन्धि जानकारी विकल्प नेपाल वाट प्राप्त भयो ।

२०. जिल्ला विपद् प्रतिकार्य योजनाका ८ वटै उपसमितिहरुले जेष्ठ मसान्तसम्ममा वैठक तथा छलफल गरि आ–आफ्नो उपसमिति निकायहरु, सम्पर्क व्यक्ति र नम्वरहरु एकिन गरि प्रतिकार्य योजना पुस्तकमा राख्ने निर्णय गरियो ।

२१. जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रको समिति गठन, प्रक्रिया, विधी, वैठक र कार्यान्वयन सम्वन्धमा जानकारी दिई आगामी समयका लागी तपसिल अनुसारको कार्यक्रम संचालन गर्न कार्ययोजना तयारी गरि कार्यान्वयन गर्ने निर्णय गरियो । कार्ययोजना तपसिल अनुसार राखिएको छ ।

**जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र कार्य योजना**

| क्र.स | क्रियाकलाप | प्रक्रिया |
|---|---|---|
| १ | सञ्चार उपकरण जडान | जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्रलाई अनुरोध गर्ने |
| २ | जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्रमा सञ्चार उपकरण सञ्चालन गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट २,२ जना काजमा ल्याई कार्य सञ्चालन गर्ने । | गृह मन्त्रालयको साविक कै आदेश बमोजिम जिल्ला प्रशासन कार्यलयले स्थानिय प्रहरी कार्यालयमा २,२ जना काजमा खटाउन अनुरोध गर्ने । |
| ३ | जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्रको दैनिक काम Standard Operating Procedure (SOP) बमोजिम सञ्चालन गर्न स्थायी कर्मचारी पदपूर्ति नहुंदा सम्मका लागि जिल्ला विपद व्यवस्थापन समितिले कर्मचारी खटाउने व्यवस्था गर्ने । | जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गरि कम्तिमा २ जना कर्मचारी जिल्ला आपत् कालिन कार्य सञ्चालन केन्द्रमा खटाउने । यसको समन्वय जिल्ला प्रशासन कार्यालयले गर्ने । |
| ४ | विपद् सम्बन्धि सबै प्रकृतिका सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदनको काम सञ्चालन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला प्रशासन कार्यालयको मातहतमा रहि काम गर्ने । |
| ५ | जिल्ला विपद व्यवस्थापन समितिको तर्फबाट विपद् प्रतिकार्यको समन्वय गर्ने । | विपद् प्रतिकार्यको लागि Information, Logistic, Decision, and Implementation को अभिलेख राख्ने । |
| ६ | जिल्ला आपतकालीन कार्य संचालन केन्द्रबाट भए गरिएका सबै काम कारवाहिको विवरण तुरुन्तै राष्ट्रीय आपतकालीन कार्य संचालन केन्द्रमा पठाउने | पत्राचार, फ्याक्स, ईमेल, सञ्चार सेटबाट तुरुन्तै ग्रहण तथा कारवाही गरि राष्ट्रीय आपतकालीन कार्य संचालन केन्दमा जानकारी पठाउने । |
| ७ | विपद् प्रतिकार्य गर्न नसक्ने प्रकृतिक विपद्जन्य घटनाको प्रतिकार्य गर्नका लागि राष्ट्रीय आपतकालीन कार्य संचालन केन्द्रलाई अनुरोध गर्ने र स्थानिय स्तरमा आवश्यक समन्वय गर्ने । | राष्ट्रीय आपतकालीन कार्य संचालन केन्द्रबाट प्राप्त सहयोग र निर्देशनको कार्यान्वयन गर्ने । स्थानिय स्तरको विपद् प्रतिकार्यको समन्वय गर्ने । |

### १.३.४. जिल्ला तहमा प्रकोप जोखिम विश्लेषण

| प्रकोपहरु | अति प्रभावित गाविसहरु | प्रभावित गाविसहरु |
|---|---|---|
| बाढी | मंगलपुर, गुन्जानगर, चैनपुर, पिप्ले, दिब्यनगर, पटिहानी, खैरहनी, कुमरोज, कठार, बछौली, भण्डारा, जुटपानी, पदमपुर, पिठुवा, बिरेन्द्रनगर, गर्दी, बघौडा, शक्तिखोर, अयोध्यापुरी, कल्याणपुर, जगतपुर, मेघौली र र.न.पा. | दारेचोक, दाहाखानी, चण्डीभन्ज्याङ्ग, काउले, कोराक, लोथर, सिद्धि र कविलास |
| पहिरो | कविलास, दारेचोक, सिद्धि, दाहाखानी, चण्डीभन्ज्याङ्ग, काउले, कोराक र लोथर | शक्तिखोर र पिप्ले |
| वन्यजन्तु आक्रमण | जंगल सँग प्रत्यक्ष जोडिएका गाविसहरु (मध्यवर्ति क्षेत्रका गाविसहरु) | दिब्यनगर, पटिहानी, गर्दी, कुमरोज, कठार, बछौली, बघौडा, शुक्रनगर, अयोध्यापुरी, कल्याणपुर, जगतपुर, मेघौली, र.न.पा. |
| खडेरी | शुक्रनगर र बिरेन्द्रनगर | मंगलपुर, गुन्जनगर, खैरहनी, चैनपुर, पदमपुर, फुलबारी, पिठुवा, भण्डारा, जगतपुर |
| सडक दुर्घटना | राजमार्ग जोडीएका गाविस तथा नपाहरु | |
| आगलागी | कविलास, शक्तिखोर, सिद्धि, अयोध्यापुरी, काउले, कोराक, लोथर, चण्डीभञ्जाङ, दाहाखानी र दारेचोक। | निकुञ्ज आसपासमा रहेका गाविस |
| महामारी | मंगलपुर, भरतपुर, रत्ननगर माडी क्षेत्र, सुकुम्बासी वस्ती। शहरी क्षेत्र,पहाडी क्षेत्र | जुटपानी लगायत अन्य क्षेत्र |
| हावाहुरी | केरा तथा मेवा पकेट क्षेत्रहरुमा | |
| असीना | सबै गा.वि.स.हरु | |
| चट्याङ | सबै गा.वि.स.हरु | |

(श्रोतः नपा/गाबिसहरुको प्रकोप व्यवस्थापन योजना, चितवन, २०६५)

**भुकम्प**

भुकम्पको जोखिम यकिन गर्न नसकिने भएतापनि घना वस्ति भएका नगर क्षेत्रहरू भूकम्प प्रति बढी सम्बेदनशील भएको आँकलन गरिएको छ। त्यसै गरी पर्सा, मुग्लिन जस्ता बस्तिहरूमा भुकम्पप्रति जनचेतना जगाउन आवश्यक रहेको महसुस गरिएको छ। जिल्लामा भवन निर्माण आचारसंहित, विल्डिङ्ग कोड लागू गर्ने पहल गरि सकिएको छ।

### १.३.५. विपद्को अवस्था तथा मान्यता योजना

प्रकोप जोखिम विश्लेषण तालिकामा दिइएको सूचिको आधारमा जिल्लामा क्रमशः बाढी, पहिरो, वन्यजन्तु आक्रमण, खडेरी, सडक दुर्घटना प्रमुख पर्दछन्। यी वाहेक आगलागी, महामारी, हावाहुरी, चट्याङ अन्य विपद् हुन् जसले यस जिल्लालाई हरेक वर्ष सताई रहन्छ। योजनाको तयारीका लागी यिनै ५ वटा प्रकोपहरुलाई ध्यान दिईएको छ।

### १.३.६. विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको विवरण

बिभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित निकायहरुको सम्पर्क व्यक्ति र सर्म्पक नम्बर तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र. सं. | विषयगत क्षेत्र (Cluster) | जिल्ला अगुवा संस्था (Cluster Lead) | सहयोगी संस्थाहरु (Cluster Members) |
|---|---|---|---|
| १. | पूर्वसूचना तथा समन्वय (Early Warning and Coordination) | जिल्ला विकास समिति | सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, नारायणी व्यसिन कार्यालय, मानव अधिकार संघ/संगठन/संजाल, स्थानिय शान्ति समिति, गाविस हकहित संरक्षण केन्द्र, जल तथा बर्षा मापन केन्द्र (देवघाट तथा रजैया), नेपाल पत्रकार महासंघ, एफ.एम. रेडियोहरू, पत्रपत्रिका, टेलिभिजन, स्थानिय निकाय,संघ संस्था, नेपाल टेलिकम, जिल्ला ट्राफिक प्रहरी कार्यालय, जिगैसस समन्वय समिति |
| २. | खोज, उद्धार तथा राहत (Search, Rescue and Relief) | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापन तालिम केन्द्र-कुरिनटार, जिल्ला प्राविधिक कार्यालय, नेपाल स्काउट, राजनीतिक दल तथा भातृ संगठन, चितवन राष्ट्रिय निकुञ्ज, जनताको तटबन्धन कार्यक्रम, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, रा.अनुसन्धान जिल्ला कार्यालय,नेपाल रेडक्रस सोसाईटी,आर.आर.एन., यातायात व्यवसायी महासंघ, भरतपुर नागरीक उड्डयन कार्यालय, सडक डिभिजन कार्यालय, र्‍याफ्टिङ व्यवसायी संघ, स्थानिय संघ संस्थाहरु, गा.वि.स./नपा |
| ३. | खाद्य सामाग्री व्यवस्थापन (Food stuff Management) | जिल्ला कृषि विकास कार्यालय | जिल्ला कृषि विकास कार्यालय, जिल्ला विकास समिति, होटल व्यवसायी संघ, उद्योग वाणिज्य संघ,उद्योगी संघ, नेपाल रेडक्रस सोसाईटि, गै.स.स.महासंघ, गा.वि.स./नपा |
| ४. | आपतकालिन् आवास तथा गैरखाद्य सामाग्री व्यवस्थापन (Shelter/NFRI) | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा | शहरी विकास तथा भवन निर्माण कार्यालय, जिल्ला वन कार्यालय, जि.वि.स., जिल्ला शिक्षा कार्यालय, निर्माण व्यवसायी संघ, केयर नेपाल, चितवन राष्ट्रिय निकुञ्ज, सडक डिभिजन कार्यालय, स्थानिय क्लब एवं संघसंस्थाहरु, मध्यवर्ति उपभोक्ता समिति, गा.वि.स./नपा |
| ५. | खानेपानी तथा सरसफाई व्यवस्थापन (Water and Sanitation) | खानेपानी, सरसफाई डिभिजन कार्यालय | जिल्ला विकास समिति,जिल्ला प्राविधिक कार्यालय, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ-जिल्ला कार्य समिति, नेपाल रेडक्रस सोसाईटी, युनिसेफ, प्राक्टिकल एक्शन नेपाल, भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, नेवा, केयर नेपाल, गा.वि.स./नपा |
| ६. | प्राथमिक उपचार तथा स्वास्थ्य व्यवस्थापन (First Aid and Health Management) | जिल्ला जनस्वास्थ्य कार्यालय | निजि तथा सामुदायिक अस्पताल समन्वय समिती, अस्पताल, मेडिकल कलेजहरु, नर्सिंग होमहरु, जिल्ला पशु सेवा कार्यालय, भेटेनरी एसोसिएसन, प्यारा मेडिकल एसोसिएसन, नेपाल औषधी व्यवसायी संघ, नेपाल रेडक्रस सोसाईटी शाखा/उपशाखाहरु, युनिसेफ, स्वास्थ्य, उपस्वास्थ्य चौकीहरु |
| ७. | आपत्कालिन शिक्षा (Education) | जिल्ला शिक्षा कार्यालय | माध्यामिक शिक्षा परिषद्, स्रोत केन्द्र, क्याम्पसहरु, प्याब्सन, एन प्याब्सन, गैसस महासंघ, शिक्षक यूनियन, प्राध्यापक संघ, स्वतन्त्र विद्यार्थी यूनियन, पाठ्यक्रम पाठ्यपुस्तक सामाग्री केन्द्र, संघसंस्थाहरु |

| | | | |
|---|---|---|---|
| ८. | संरक्षण (Protection) | महिला तथा बालवालिका कार्यालय | महिला प्रहरी सेल, महिला जिल्ला समन्वय समिती, जिल्ला बाल कल्याण समिति, टोलसुधार संस्था, यूनिसेफ, महिला संघ तथा संगठन, अपाङ्ग संघसंस्था, बालमैत्री क्लव, केयर नेपाल, गैसस समन्वय समिति, बालगृह, आर.आर.एन., गाविस/नपा |

**विषयगत क्षेत्रका अगुवा संस्थाको सम्पर्क विवरण**

| क्र.सं | विषयगत क्षेत्र | विषयगत अगुवा संस्था | | |
|---|---|---|---|---|
| | | पद | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
| १. | पूर्वसूचना तथा समन्वय (Early Warning and Coordination) | सुचना अधिकृत | बलराम लुँईटेल | ९८५५०५९०१० |
| २. | खोज, उद्धार तथा राहत (Search, Rescue and Relief) | सहायक प्रमुख जिल्ला अधिकारी | शिवराम गेलाल | ९८४१३४५३५० |
| ३. | खाद्य सामाग्री व्यवस्थापन (Food stuff Management) | वरिष्ठ जिल्ला कृषि विकास अधिकृत | जगन्नाथ तिवारी | ९८५५०५९५७० |
| ४. | आपतकालिन् आवास तथा गैरखाद्य सामाग्री व्यवस्थापन (Shelter/NFRI) | वरिष्ठ जिल्ला शाखा अधिकृत, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा | जगन्नाथ न्यौपाने | ९८४५०५६२१२ |
| ५. | खानेपानी तथा सरसफाई व्यवस्थापन (Water and Sanitation) | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रमुख | हरि कृष्ण पौडेल | ९८४५०५२४५६ |
| ६. | प्राथमिक उपचार तथा स्वास्थ्य व्यवस्थापन (First Aid and Health Management) | वरिष्ठ जनस्वास्थ्य अधिकृत | केयर सिंह गोदार | ९७५६०००७२२ |
| ७. | आपत्कालिन शिक्षा (Education) | जिल्ला शिक्षा अधिकारी | रमाकान्त शर्मा | ९८५५०६४४५१ |
| ८. | संरक्षण (Protection) | महिला तथा बालवालिका अधिकृत | ईन्दिरा श्रेष्ठ | ९८४१५४६०१७ |

**१.३.७. निकायगत भूमिका तथा जिम्मेवारी**

| क्र.सं. | निकाय,कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने, खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय परिचालन गर्ने, आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक) को लागि पहल गर्ने |
| २ | जिल्ला विकास समितिको कार्यालय | स्थानीय विकास अधिकारी | समन्वयात्मक कार्यमा सहयोग गर्ने, आवास तथा पुनःस्थापना कार्य गर्ने, स्रोत (आर्थिक, भौतिक, प्राविधिक) परिचालन तथा समन्वय गर्ने । जिल्लला आपत्कालिन संचालन केन्द्रको संचालन, सम्पर्क व्यक्तिको रुपमा कार्य गरेको, सेमिनार, बैठक, तालिम र क्षमता विकास कार्यक्रमहरु संचालन |

| | | | |
|---|---|---|---|
| ३ | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व गर्ने, सुरक्षा व्यवस्था गर्ने, विषयगत समितीमा रहि सहयोग गर्ने |
| ४ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | समन्वय, स्रोत संकलनमा सहयोग, जनपरिचालन गर्ने |
| ५ | नेपाल रेडक्रस सोसाइटी | सभापति | प्रवन्धकारी भूमिका निर्वाह गर्ने, खाद्य तथा गैर खाद्यसामाग्रीको ब्यवस्थापन , सूचना सङ्कलन तथा सवर्क्षेणमा स्वयंसेवक परिचालन गर्ने, प्रकोपको समयमा आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने |
| ६ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने, सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने |
| ७ | उद्योग वाणिज्य संघ | अध्यक्ष | सुख्खा तथा तयारी खाना जस्तै चिउरा, भुजा, विस्कुट आदि, खाद्यसामग्री संकलन तथा व्यवस्थापनमा सघाउने |
| ८ | यातायात व्यवसायी संघ | अध्यक्ष | राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु उपलब्ध तथा व्यवस्थापन गर्ने |
| ९ | संचार माध्यम | सञ्चारकर्मीहरु | सहि सूचना संकलन तथा सम्प्रेषण |
| १० | नागरिक समाज, शान्ति समाज | अध्यक्ष | राहत तथा उद्धार कार्यमा सहयोग, मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| ११ | पेशागत व्यवसायी जस्तै निर्माण व्यवसायी संघ | अध्यक्ष | राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १२ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | मानवस्रोत परिचालन गर्ने, स्रोत संकलनमा सहयोग गर्ने, गै.स.स. वीच समन्वय, क्षमता विकास तथा सहजिकरण कार्य गर्ने |

खण्ड–२ः

# जिल्लास्थित स्रोत-साधनको आँकलन

## २.१.सहयोगी निकाय पहिचान तथा ३ क (कस्ले, कहाँ र के)

| क.सं | निकाय, कार्यालय | विषयगत क्षेत्र | गाविस/क्षेत्र | सम्पर्क व्यक्ति | टेलिफोन |
|---|---|---|---|---|---|
| १ | आर.आर.एन. | विपद् व्यवस्थापन, | गर्दी, कल्याणपुर, बघौडा, अयोध्यापुरी | रामप्रसाद ढुंगाना | ९८५११०८४५७, ५८२०७० |
| २ | कालिका सामुदायिक संस्था | विपद व्यवस्थापन, महिला सशक्तिकरण | गर्दी, कल्याणपुर, बघौडा, अयोध्यापुरी | कृष्ण पन्त | ९८४५०२६६०१ |
| ३ | लोथर राप्ती ड्याक समन्वय समिती | विपद् व्यवस्थापन | पिप्ले, भण्डारा, कठार, कुमरोज, बछौली, पिठुवा, खैरहनी, रनपा, विरेन्द्रनगर, चैनपुर, | जागृतप्रसाद भेटवाल | ९८५५०५५७११ |

## २.२. निकायगत स्रोतसाधनको आंकलन

| क.सं. | कार्यालय तथा संस्था | प्रतिकार्यका लागि उपलब्ध स्रोत, सामाग्री, जनशक्ति | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | नेपाल सरकारको निर्णय अनुसार उपलब्ध हुने राहत सामाग्री तथा नगद सहयोग उपलब्ध, जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्रको परिचालन | स.प्र.जि.अ. शिवराम गेलाल ९८४१३४५३५० |
| २. | जिल्ला विकास समितिको कार्यालय | गाविस तथा जिविसमा आकस्मिक कोषको व्यबस्था गरिएको, तारजाली, उद्धार कार्यको लागी रकम सहयोग भएको, मानविय रुपमा सम्पर्क व्यक्तिको रुपमा रहेको | सू. अ. बलराम लुईटेल ९८५५०५९०१० |
| ३. | नेपाली सेना | उद्धारका लागि नेपाली सेनाको मापदण्ड अनुसार परिचालनका लागि जनशक्ति र उद्धार सम्बन्धी सामग्री | गण (भरतपुर, कसरा, विरेन्द्रनगर, शक्तिखोर) |
| ४. | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालयको आदेश र उद्धारका लागि नेपाल प्रहरीको मापदण्ड अनुसार परिचालनका लागि जनशक्ति र उद्धार सम्बन्धी सामग्री | प्र.उ.दिपक कुमार थापा ९८५५०१५५५५, ५२०९९९ |
| ५. | सिमा सुरक्षा कार्यालय | जिल्ला प्रशासन कार्यालयको आदेश र सशस्त्र प्रहरीको मापदण्ड अनुसार परिचालनका लागि जनशक्ति र उद्धार सम्बन्धी सामग्री | स.प्र.उ.गणेशबहादुर थापा ९७५५०००३६०, ५३०५४४ |
| ६. | सशस्त्र प्रहरी बल,गढिमाई गण | जिल्ला प्रशासन कार्यालयको आदेश र सशस्त्र प्रहरीको मापदण्ड अनुसार परिचालनका लागि जनशक्ति र उद्धार सम्बन्धी सामग्री | स.प्र.उ.मुरारी बस्नेत ९८५१२७२०४३, ५५०४९९ |
| ७. | विपद् व्यवस्थापन गण | तालिम प्राप्त १२७ जनाको टोली तयारी अवस्थामा रहेको | गणपति, महेश कुमार थापा ९८४१६४६०४४ |

| | | | |
|---|---|---|---|
| ८. | प्राक्टिकल एक्शन नेपाल | आपत्कालिन अवस्थामा एम्बुलेन्सको रुपमा परिचालनका लागि १ वटा गाडि, पियूष ५०० पोका, मानवस्रोत ५ जना, पूर्वतयारी तथा उद्धार सामग्रीहरु-लाईफ ज्याकेट, डुङ्गा, हातेमाईक, साईरन आदि(बछ्यौली, जगतपुर र मेघौलीमा समुदायलाई हस्तान्तरण गरिएको) | केशव दवाडी ९८५५०६०८१८ |
| ९. | केयर नेपाल | आपत्कालिन अवस्था अनुसार राहत सामग्री उपलब्ध गराउने | चुडा बस्नेत ९८५५०५९३७९ |
| १०. | जिल्ला प्राविधिक कार्यालय | ग्याबियन जाली-९०० जना, प्रकोप व्यवस्थापन तथा न्युनिकरण विशेष कोष-रु.३०००0, खानेपानी पाइप (विभिन्न साइजको)-२००० मि. | रामचन्द्र दङ्गाल ९८५७६२१०६९, ५२६२७५, ५२७८२० |
| ११. | भरतपुर नगरपालिका कार्यालय | दमकल-१, खानेपानी ट्याङकर-१, मानविय स्रोत-१० जना | ई.विराट घिमिरे ९८५५०५६०३५ |
| १२. | सडक डिभिजन कार्यालय | हेभी ईक्यूपमेन्ट (डोजर, ग्रेडर, स्क्याभेटर,) गैंची, बेल्चा, रोलर, टिपर, लोडर आदि | डि.प्र.बिरेन्द्र महासेठ ९८५५०६५०१८, ५२०२१८ |
| १३. | जनताको तटबन्धन कार्यक्रम | केही मात्रामा तार जाली र बोरा उपलब्ध | डि.ई तिलक व.खत्री ९७४१०००१७३, ५२४४६१ |
| १४. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | १०० थान तारजाली, ५०००० खाली बोरा, २७५ नाईलन जाली | लोक बहादुर थापा ९७४१०७६५६६ |
| १५. | उद्योग वाणिज्य संघ, नारायणगढ | आवश्यकता अनुसार राहत सामग्री उपलब्ध गराउने | अध्यक्ष, डा.तिलचन्द्र भट्टराई, ९८५५०५५१५७ |
| १६. | उद्योग वाणिज्य संघ, खैरहनी | खाद्य सामग्री (२० क्वि. चामल, ४-५ क्वि. चिउरा, ५०-१०० क्वि. दाल) | अध्यक्ष, केशव पाठक ९८५५०५८२११ |
| १७. | गैसस महासंघ | मानव स्रोत-१०० जना, कम्बल-३५० थान, त्रिपाल-३५० थान, प्लाष्टिक जग-३५०, स्टिल-१५० थान, थाल-५०० थान, पकाउने भाँडा (कराई, डेक्चि, डाडु)-३०० थान । | अध्यक्ष, खगराज ओझा ९८४५०४८५२१, ५७०००८ |
| १८. | गैसस समन्वय समिती | मानव स्रोत-१४ जना, ३१ वटा लाईफ ज्याकेट । | श्रीप्रसाद दवाडी, ९८५५०५८६८५ |
| १९. | ग्रामिण पुर्ननिर्माण संस्था (आर.आर.एन.) | जनाना धोती (सुती)-३५०थान, कम्बल-३८० थान, त्रिपाल-३५०थान, सुतीको कपडा-३५०पिस, पलास्टिक जग-३५०थान, पलास्टिक बकेट-३५० थान, कराई-४००थान, डेक्चि-३९०थान, डाडु-३९० थान, पनियो-१९०थान, स्टिल थाल-८००थान, स्टिल गिलास-१९०थान, स्कुल ड्रेस कपडा-२५पिस(नोट : उपलब्ध सामानहरु ३ वर्ष पुरानो रहेको) | राम ढुङ्गाना, ९८५११०८४५७ |
| २०. | नेपाल स्वास्थ्यको लागी पानी (नेवा) | ब्लिचिङ पाउडर-२५ के.जि, पि.ए.भायल-१०० गोटा, वाटर गार्ड-१०० गोटा, मानविय स्रोत-४ जना | कुमार सिलवाल ९८५११३३१६३ |
| २१. | मध्यवर्ती उपभोक्ता समिती, कसरा | आर्थिक सहयोग गर्ने | अध्यक्ष, यम ब.परियार ९८५५०५६७२८ |

| | | | |
|---|---|---|---|
| २२. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | प्राविधिक जनशक्ति–६ जना | डा.प्रशान्त पण्डित ९८४५०४४१७० |
| २३. | जिल्ला पशु सेवा कार्यालय | विभिन्न आवश्यक औषधिहरु, भ्याक्सिनहरुको आवश्यकता अनुसार उपलव्ध गराउने | व.प.चि.डा. रामकुमार कार्की ९८४५२०६३५९ |
| २४. | UNICEF, भरतपुर | First aid kit 125; Health & hygiene kit 1400; Water purification tablets-50000; water guard; Oral Rehydration Solution 5000 Pks; Zinc Tablet-1000 tablet, Blanket-1000, Human resource-(Wash: 1, Education: 1, Emergency FP: 1, Child protection: 1), Bucket/Mug-6000, ECD Child-40, Basic education kit-864 | ज्ञानु भुजेल ९८५१०९८४८० अनिता दाहाल ९८४१६५८४१७ |
| २५. | नेपाल रेडकस सासाइटी, चितवन शाखा | प्राथमिक उपचारका लागि दक्ष स्वयं सेवकहरु, एम्बुलेन्स सेवा, रगत उपलब्ध गराउने, उपशाखा मार्फत स्वयं सेवक परिचालन गर्ने | हरि प्र. पौडेल ९८५५०६१५८९ जगन्नाथ न्यौपाने ९८४५०५६२१२ |
| २६. | नारायणी सामुदायिक अस्पताल | औषधि आपुर्ति सिमित मात्रामा गर्ने, कम्तिमा १० जना चिकित्साकर्मिहरु, ५ देखि ५० वेड सम्म उपलव्ध गराउने, हस्पिटलमा उपलव्ध १ एम्बुलेन्स प्रयोगमा दिन सकिने | पुष्पराज शर्मा ९८५५०५७५३० तिलक न्यौपाने ९८४५०६५१४९ |
| २७. | आशा अस्पताल भरतपुर | स्वास्थ्य टोलीहरु आवश्यकता हेरी १ वा सो भन्दा वढी उपलव्ध गराउन सक्ने, एम्वुलेन्स उपलव्ध, कम्तिमा ५ बेड सम्म उपलव्ध गर्न सक्ने, औषधि सिमित मात्रामा उपलव्ध गराउने, रु. १० हजार सम्म रकम समेत उपलब्ध गराउन सकिने । | डा.शारदा कुँवर ०५६५२५३५५, ९७४५०२२१२२ डा.नारायण सिंह कुँवर ९८५५०५५९६८ |
| २८ | भरतपुर सामुदायिक अस्पताल | १ जना मेडिकल अफिसर सहित ५ जना स्वास्थ्यकर्मी, विरामी राख्ने वेड ५ वटा, एम्बुलेन्स १ थान | विष्णु शर्मा, ९८५५०६१६१६ रघुनाथ सापकोटा ९८५५०६००२५ |
| २९ | जिल्ला जनस्वास्थ्य कार्यालय | जनशक्ति तथा सामानको व्यवस्था, आर.आर.टिम परिचालन, औषधि Buffer Stock को रुपमा राख्ने, एम्बुलेन्स परिचालनमा सहयोग | केहर सिं गोदार, ९७५६०००७२२ रामकुमार के.सी. ९८४५०५५६८१ |
| ३० | चितवन मेडिकल कलेज | उपचार कक्ष र जनशक्ति उपलब्ध गराउने, जिल्ला जनस्वास्थ्य कार्यालयसंग समन्वय गरी जनशक्तिलाई तयारी अवस्थामा राख्ने, | अस्पताल निर्देशक ०५६–५३२९३५ |
| ३१ | मेरि स्टोप्स, टाँडी | १ वटा गाडी र, ५ जना स्वास्थ्यकर्मी परिचालन गर्ने | शोभा बराल, ९८४५०५५२०९ हेमराज गिरी, ९८४५०४९६२४ |
| ३२ | नेपाल औषधी व्यवसायी संघ, जिल्ला उपशाखा | औषधी र १० जना जनशक्ति उपलब्ध गर्ने | शिव पण्डित ९८५५०६५२७२ ईश्वर भण्डारी, ९८५५०६०४०७ |
| ३३ | खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, जिल्ला कार्य समिति | श्रम-आवश्यकता अनुसार, पानीका स्रोतलाई शुद्धिकरण गर्न सिकाउने-ठाँउ अनुसार, पियुष दिने-अवस्था हेरेर, खानेपानी तथा सरसफाइ उपभोक्ता संघलाई चेतनामुलक तालिम र विपत् व्यवस्थापनको लागी तयारी गराउने | नारायण शर्मा पौडेल ९८४५१४०४०४ |
| ३४ | दियालो परिवार | मानवस्रोत १० जना | केदारनाथ खनाल, ९८४५०५१२७७ |

| | | | |
|---|---|---|---|
| ३५ | फरवार्ड | कार्यगत क्षेत्रहरु (शक्तिखोर, सिद्धि) मा खाद्य सामग्री सहयोग, मानवीय सहयोग आवश्यकता अनुसार | कृ.सं.ऋषिकेश ढकाल ९८५५०६४२८५ |
| ३६ | पर्सा साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था | पाइप-१ थान, ब्लिजिङ पाउडर-६, बाल्टीन-४, जग-५, फायर हाईड्रान्ट-५, सावेल,कोदालो-५, कैचीँ, बन्चरो-४, खुर्पा,कचियाँ-२, डोरी-२५ मि.को ३ थान, वाटर टेस्टीङ किट-३ थान, राहत सहयोग रकम-रु.१५००० बराबरको पानी, मानवीय श्रोत-संचालक समिति र कर्मचारी | अध्यक्ष, शेरमान तामाङ ९८४५०६९६८५ |
| ३७ | लोथर राप्ती ड्याक समन्वय समिती | १५० थान तारजाली | जागृत प्रसाद भेटवाल ९८५५०५५७११ |
| ३८ | समुदायमा आधारित विपद् व्यवस्थापन समिति जगतपुर | डुङ्गा- २ वटा, लाइफ ज्याकेट- १० थान | सोम ढुङ्गाना, ९८४५०७८९४६ |
| ३९ | समुदायमा आधारित विपद् व्यवस्थापन समिति मेघौली | डुङ्गा- ३ वटा, मेघा फोन- १<br>लाइफ ज्याकेट २० थान | हरिश्चन्द्र महतो, ९८४५१३८५८५ |
| ४० | समुदायमा आधारित विपद् व्यवस्थापन समिति पिप्ले | स्टेचर- १, सामान्य डोरी, कम्मल - १५ थान | ओमप्रसाद डल्लाकोटी ९८४५६६१९०० |
| ४१ | समुदायमा आधारित विपद् व्यवस्थापन समिति बछौली | साईरन- ३ थान, लाइफ ज्याकेट- २० थान | तेजेन्द्रनाथ लामिछाने ९८५५०६२६५५ |

### २.३. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

जिल्ला तहमा विपद् सम्बन्धि प्रतिकार्यका लागि निम्न उल्लेखित बुँदाहरु कार्यान्वयनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन समितीले भूमिका निर्वाह गर्ने समझदारी गरिएको छ।

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एकिकृत रुपमा कार्यान्वयनका लागि समन्वय सेल गठन गर्ने।
- विपद् पूर्वतयारीका वारेमा निरन्तर छलफल चलाउने।
- जोखिम न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रमको तयारी तथा विभिन्न संयन्त्र मार्फत सूचना प्रवाह गर्ने।
- प्रतिकार्यलाई प्रभावकारी एवं व्यवस्थित गर्न जिल्लास्तरमा व्यवहारिक अभ्यास (Simulation) गर्ने।

### २.४. आवश्यकताको लेखाजोखा तथा रिक्तता पहिचान

जिल्लामा पहिचान भएका प्रकोपहरुको आधारमा सम्भाव्य विपद्को अवस्थालाई सम्बोधन गर्नका लागि वास्तविक रुपमा आवश्यक उद्धार तथा राहत सामग्रीहरु संख्यात्मक रुपमा पहिचान गर्न नसकिएता पनि अति उपयोगी निम्न सामग्रीहरुको थप जोगाड गरि राख्नु जरुरी ठानिएको छ।

| क्र.सं. | सामग्रीको नाम | क्र.सं. | सामग्रीको नाम |
|---|---|---|---|
| १ | मोटरवोट | ६ | डुंगा |
| २ | लाईफ ज्याकेट | ७ | जेनेरेटर र ईलेक्टिक सामाग्री |
| ३ | क्याराविन | ८ | टेण्ट, पालहरु |
| ४ | ट्यूव | ९ | डोरी (रोप) |
| ५ | क्यायक | १० | जि.पि.यस. |

खण्ड–३ः

# विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना

**३.१.विषयगत क्षेत्रः पूर्वसूचना तथा समन्वय**

मुख्य बिपद्को किसिमः  बाढी, आगलागी, पहिरो, सडक दुर्घटना, भुकम्प, महामारी, बन्यजन्तु आक्रमण,चट्याङ।

**विपद्को अनुमानित अवस्थाः**

- सञ्चारका साधनहरु क्षति भई सूचना प्रसारण अवरुद्ध हुन सक्ने ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा समस्या उत्पन्न हुने ।
- समयमा विवरण प्राप्त गर्न कठिनाइ हुने सम्भावना रहन्छ ।
- द्रुत समन्वयको खाँचो पर्ने ।
- टेलिकमको टावर क्षती हुन सक्ने ।

**विषयगत उद्देश्यः**

- सबै पक्षहरुसँग समन्वय कायम गरि विपद्लाई सम्बोधन गर्ने ।
- सूचना प्रवाहको वैकल्पिक उपायहरू पहिचान गरी सूचना प्रवाह गर्ने ।
- प्राप्त सूचनालाई प्रमाणित गरी सम्बन्धित क्षेत्रहरूलाई उपलब्ध गराउने ।

**विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | घटनाको बारेमा सञ्चार माध्यमलाई सुचना दिने, सुचना प्राप्त हुने वित्तिकै परिस्थितीको गम्भिरता हेरी सुरक्षा समितीको बैठक गर्ने, बैठक बसि जिल्ला विपद् व्यवस्थापन समितिलाई प्राप्त सुचनाको जानकारी गराउने, नेपाल रेडक्रस जिल्ला शाखासँग समन्वय गर्ने, अस्पताल तथा जिल्ला स्वास्थ्य कार्यालयलाई तत्काल प्रतिकार्य (Response)का लागि सुचना गर्ने, अन्य विषयगत क्षेत्रहरुलाई कामको प्रकृतिका आधारमा परिचालन हुन दिने, थप क्षति हुन नदिन सुचना प्रवाह गर्ने । | मानवीय सहायतामा संलग्न निकाय तथा संघ–संस्थाहरुको सम्पर्क सूचि तयार गरि राख्ने । | | जिल्ला विकास समितिको कार्यालय, सुरक्षा निकाय | |

| | | | | | |
|---|---|---|---|---|---|
| दोस्रो दिन | थप क्षति हुन नदिन सुचना प्रवाहलाई निरन्तरता गर्ने, उपलब्ध स्रोत साधनले अपुग भएको खण्डमा सहयोगको लागि क्षेत्रिय प्रशासन कार्यालय / केन्द्रिय कार्यालयमा खबर गर्ने, सुचनाका साधनहरु क्षति भएमा तत्काल सुचना सुनिश्चित गर्न बैकल्पिक उपायको लागि अनुरोध गर्ने, घटनाको बारेमा सञ्चार माध्यमलाई सुचना दिने | | | जि. वि. स. को कार्यालय | |
| पहिलो हप्ता | घटनाको प्रकृतिको आधारमा सुचना आदान प्रदानलाई निरन्तरता दिने । | | | जि. वि. स. को कार्यालय | |

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य:**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्व तयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | विपद् व्यवस्थापन समितीको बैठक बसि प्रतिकार्यका लागि गठित विषयगत क्षेत्र (Cluster) हरुको संलग्नतामा समन्वयात्मक बैठक बस्ने । | जिल्ला विकास समितिको कार्यालय | वैठक | मनुसूनपूर्व |
| २. | सरोकारवालाहरुको सम्पर्क सूचि अद्यावधिक गर्ने र निकायगत स्रोत साधनको आँकलन गर्न विषयगत क्षेत्रहरुलाई अनुरोध गर्ने । | जिल्ला विकास समितिका कार्यालय | वैठक | जेठ मसान्त सम्म |

**पूर्वतयारीका लागि विद्यमान समस्याहरु:**

- समन्वयमा अभाव
- सूचना सम्प्रेषणमा एकरुपता नहुने ।

## ३.२. विषयगत क्षेत्र: खोज, उद्धार तथा राहत

मुख्य बिपद्को किसिम:बाढी, आगलागी, पहिरो, सडक दुर्घटना, भुकम्प, महामारी, बन्यजन्तु आक्रमण,चट्याङ ।

विपद्को अनुमानित अवस्था:

- भौतिक संरचनाहरु, घर, बाटो, कलभर्ट, आदि भत्किएको हुन सक्ने
- मानिसहरु बेपत्ता हुने, मृत्यू पनि हुन सक्ने ।
- विजुलीका खम्बाहरु ढल्ने, बाटो अबरुद्ध हुने ।
- व्यक्तिगत तथा सार्वजनिक भवनहरु क्षति तथा नष्ट हुन सक्ने ।

**विषयगत उद्देश्य:**

- खोज तथा उद्धार कार्य सञ्चालन गरि विपद्मा परेको व्यक्ति, समुदायको जीउधनको सुरक्षा गर्ने ।

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोध नगर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | घटनाको सूचना सकंलन, फौज परिचालन Rescue सामाग्री सहित (Life Jacket, Boat, Carabina, Rope), मेडिकल एसिस्टेन्सको उपलब्धता, सुरक्षा निकाय अन्तर्गतको troope परिचालन गरि उद्धार गर्ने, अवस्था हेरि Helicopter Demand गर्ने, प्रभावित व्यक्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण (Evacuation) गर्ने, घाईतेलाई अस्पतालसम्म पुऱ्याउने | संकेत निर्धारण, विपद्को प्रकृतिको पहिचान, विपद्बाट हुन सक्ने संभावित स्थानको पहिचान तथा क्षतिको आकंलन, सम्बन्धित प्राकृतिक प्रकोपको लागी के गर्न गरिन्छ सो को निक्यौल, समन्वय योजना, सबै responder सँग मिलि अभ्यास, तालिम गर्ने (सकेसम्म rehearsal मा प्राथमिकता दिने ) | Background History (समय, क्षति आदि ) | नेपाली सेना |
| दोस्रो दिन | Internally Displaced People को व्यवस्थापन, Internally Displaced People को छनौट एवं सुरक्षा (IDP Camp), खोज तथा उद्धारको कार्य निरन्तर, सार्वजनीक सेवालाई सुचारु गर्न प्रशासनलाई सहयोग, स्वास्थ्य सेवा सुचारु गर्न सहयोग, राहत बितरणमा सहयोग | | नेपाली सेना | |
| हप्ता, दिन सम्म | क्षतिको विवरण तयार गर्ने, भग्नावशेषहरु हटाउने कार्य शुरुवात गर्ने, बेपत्ता भएकाहरुको खोजी कार्य निरन्तर गर्ने | | | |

**पूर्वतयारीका लागि विद्यमान समस्याहरु:**

- Disater Responder Unit हरुसँग विपद् व्यवस्थापनको लागी पर्याप्त मात्रामा **pre** रिहर्सल ।
- खोज तथा उद्धारका लागी प्रयाप्त साधनको उपलब्धता ।

### ३.३. विषयगत क्षेत्र: खाद्य सामाग्री व्यवस्थापन

मुख्य बिपद्को किसिम : बाढी, पहिरो (भूक्षय), हावाहुरी, वाली विपद्, आगलागी, सडक दुर्घटना, भुकम्प, महामारी, बन्यजन्तु आक्रमण, चट्याङ ।

**विपद्को अनुमानित अवस्थाः**

- खाद्यान्न बाली, तरकारी, फलफूल र अन्य वालीहरु नष्ट हुन सक्ने ।
- खेतवारी नै वगाएर दिर्घकालीन रुपमा वगरमा परिणत हुन सक्ने ।
- बाटो भत्किएर खाद्य वस्तु आपुर्तिमा कठिनाई उत्पन्न हुन सक्ने ।
- विपद् क्षेत्रका घरहरुमा भएको खाद्य सामाग्री तथा गोदामहरु नष्ट हुन सक्ने ।
- पानी वगेको वा भगांलो खेति योग्य जमिनतर्फ वग्न सक्छ ।

**विषयगत उद्देश्यः**

- तत्काल खाद्य सामाग्री उपलब्ध गराई राहतको प्रत्याभूति गराउने ।

**विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | विपदको यथार्थ सुचना प्राप्त गरि समन्वयात्मक बैठक बस्ने, घटनास्थल गई आवश्यक राहत सामाग्रीहरुको आँकलन गर्ने, राहात सामाग्रीहरु संकलन तथा वितरण कार्य गर्ने । | सहयोगी व्यक्ति, संस्थाहरुको सम्पर्क विवरण तयार गर्ने, घटनास्थलमा जानको लागि व्यक्तिहरु तोक्ने, राहत सामाग्रीहरुको संकलन, भण्डारण गर्ने | राहात सामाग्रीहरुको संकलन, भण्डारण नभएको । | जिल्ला कृषि विकास कार्यालय, नेपाल रेडक्रस सोसाईटी |
| दोस्रो दिन | राहात (खाद्य) सामाग्री संकलन तथा वितरण कार्यलाई निरन्तरता दिने, कृषिजन्य उत्पादन, बाली, पशुहरुको क्षतिको यथार्थ विवरण संकलन गर्ने, क्षतिको विवरणको बारेमा जिल्ला विपद् व्यवस्थापन समितीमा जानकारी गराउने | क्षतिको विवरण संकलन गर्नको लागी फारम तयार गर्ने । | हालसम्म क्षतीको बिवरण संकलन गर्ने फाराम आवश्यकता अनुसार तयार नभएको । | जिल्ला कृषि विकास कार्यालय, नेपाल रेडक्रस सोसाइटी, जि. पशु सेवा कार्यालय, उ. वा. संघ |
| पहिलो हप्ता | धेरै क्षति भएको खण्डमा क्षेत्रिय तथा केन्द्रिय कार्यालयमा थप सहयोगको लागि अनुरोध गर्ने । | क्षतिको विवरण समेटि प्रतिवेदन तयार गर्ने । | | जिल्ला कृषि विकास कार्यालय |
| पहिलो महिना | विउविजन वितरण गर्नु पर्ने अवस्था भएमा केन्द्रसँग माग गर्ने । | | | जिल्ला कृषि विकास कार्यालय |
| दोस्रो महिना | केन्द्रमा Follow up गर्ने, विउविजन उपलब्ध भएमा प्रकोप प्रभावित परिवारलाई वितरण गर्ने | | | जिल्ला कृषि विकास कार्यालय |

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्यः**

| क. सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | विषयगत क्षेत्रका अगुवा तथा सहयोगी निकायहरुलाई विपद् व्यवस्थापन सम्बन्धि अभिमुखिकरण सञ्चालन गर्नु पर्ने | जिल्ला विपद व्यवस्थापन समिती | तालिम | मनसूनपूर्व |

**पूर्वतयारी कार्य योजनालाई संवोधन गर्न विद्यमान समस्याः**

- विपद्को अवस्थामा आर्थिक श्रोत साधनको अभाव ।
- हुन सक्ने क्षति विवरण सम्वन्धि बजेटको पूर्व अनुमान गर्न कठिनाई ।
- जिल्लास्तरबाट विपद् व्यवस्थापनको समस्या ।
- वैठक तथा छलफल समय समयमा हुन नसक्नु ।

### ३.४. विषयगत क्षेत्रः आपत्कालिन् आवास तथा गैरखाद्य सामाग्री व्यवस्थापन

मुख्य बिपद्को किसिम : बाढि, पहिरो (भूक्षय), हावाहुरी, वाली विपद्, आगलागी, सडक दुर्घटना, भुकम्प, महामारी, बन्यजन्तु आक्रमण, चट्याङ ।

**विपद्को अनुमानित अवस्थाः**

- बाढिले बस्ति बगाएर वा पहिरोले पुरिएर गाउँ नै विस्थापित हुन सक्ने ।
- व्यक्तिगत घर, गोठ, शौचालय क्षति वा नष्ट हुन सक्ने ।
- बाटोघाटो बन्द भई आवात जावत तथा सामग्री ढुवानीमा असुविधा हुने ।
- बाढि, पहिरोका कारण घरका लत्ता कपडा, भाँडाकुँडा र खाद्य सामाग्रीहरु बगाएर लैजाने ।
- दैनिक जीवनमा प्रयोग हुने सर-सामानहरु नष्ट हुने ।

**विषयगत उद्देश्यः**

- विपद्को अवस्थामा अस्थायी बसोबासको प्रबन्ध तथा दैनिक उपभोग्य सामग्रीहरुको बन्दोवस्त मिलाउने ।

**विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | घटनाको बारेमा जानकारी लिने, सम्बन्धित स्थलमा गई घटनाको निरिक्षण गरि द्रुत सर्वेक्षण गर्ने, आपतकालिन् आवासको व्यवस्था मिलाउने । | क्षति विवरण संकलनका लागि फारम तयार गर्ने, अस्थायी आवास निर्माणको लागि आवश्यक सामाग्रीहरुको पहिचान र व्यवस्थापन गर्ने | अस्थायी आवास निर्माणको लागि आवश्यक सामाग्रीहरुको संकलन नभएको | नेपाल रेडक्रस सोसाईटी |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो दिन | द्रुत सर्वेक्षणको तथ्याङ्क अनुसार तत्काल राहात सामाग्री वितरण गर्ने, सुरक्षित स्थानको पहिचान गरि अस्थायी आवासको व्यवस्था गर्ने, ठूलो क्षति भएको खण्डमा नेपाल रेडक्रस केन्द्रिय कार्यालयमा जानकारी गराई सहयोग माग, प्रशस्त मात्रामा राहात सामाग्रीहरुको आवश्यक पर्ने देखिएमा थप राहतको लागि जिल्ला स्थित विभिन्न निकाय, संघसंस्था, व्यापारीहरुसँग सहयोगको लागि अनुरोध गर्ने, मानवीय, पशुपंक्षी तथा भौतिक क्षतिको थप विवरण संकलन गर्ने । | राहत सामाग्रीहरु गोदाममा भण्डारण गर्ने, गैरखाद्य सामाग्री संकलन गर्नका लागि सम्बन्धित निकायहरु, संघसंस्था, व्यापारी, उद्योग कलकारखानाहरुको सूचि तयार गरि राख्ने | गैरखाद्य सामाग्री संकलन गर्नका लागि सम्बन्धित निकायहरु, संघसंस्था, व्यापारी, उद्योग कलकारखानाहरुको सूचि तयार गरि गर्न बाँकी | नेपाल रेडक्रस सोसाईटी |
| पहिलो हप्ता | थप राहात सामाग्रीहरु संकलन र वितरण, अस्थायी आवासलाई व्यवस्थित गर्न थप पहल गर्ने, क्षति विवरण अभिलेख तयार, वन पैदावारहरु आवश्यक भएमा जिल्ला वन कार्यालयसँग पिडित परिवारको सम्पर्क विस्तार गरिदिने । | | | नेपाल रेडक्रस सोसाईटी |
| पहिलो महिना | पिडित परिवारको पुर्नस्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय विस्तार गर्ने | | | नेपाल रेडक्रस सोसाईटी |

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्यः**

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | गैरखाद्य सामाग्री संकलन गर्नका लागि सम्बन्धित निकायहरु, संघसंस्था, व्यापारी, उद्योग कलकारखानाहरुको सूचि तयार गर्ने | नेपाल रेडक्रस सोसाईटी | बैठक | असार महिना भित्र |
| २. | अस्थायी आवास निर्माणको लागि आवश्यक सामाग्रीहरु (जस्तै बाँस, डोरी) को संकलन गर्ने | नेपाल रेडक्रस सोसाईटी | जिल्ला विपद् व्यवस्थापन समिती एवं संघसंस्थाहरुद्वारा संयुक्त पहल गर्ने | मनसूनपूर्व |
| ३. | अस्थायी आवास तयारी तथा व्यवस्थापनका लागि दक्ष जनशक्ति तयार गर्ने | नेपाल रेडक्रस सोसाईटी | तालिम | मनसूनपूर्व |

**पूर्वतयारी कार्य योजनालाई संवोधन गर्न विद्यमान समस्याः**

- सम्बन्धित पूर्वतयारी कार्यका लागि प्रयाप्त बजेटको अभाव

### ३.५. विषयगत क्षेत्रः खानेपानी तथा सरसफाई व्यवस्थापन

मुख्य बिपद्को किसिमः बाढि, पहिरो (भूक्षय), हावाहुरी, वाली विपद्, आगलागी, सडक दुर्घटना, भुकम्प, महामारी, बन्यजन्तु आक्रमण, चट्याङ ।

### विपद्को अनुमानित अवस्थाः

- पानीको मुहानलाई बगाएर लगेको हुन सक्छ ।
- मेन लाइनको पाईप लाइन क्षति तथा नष्ट हुन्छ ।
- पानीपोखरी क्षति तथा नष्ट हुन सक्ने ।
- स्थानीय समुदायमा भएको वितरण पाईप लाईन टुटफुट तथा बगाएको हुन्छ ।
- सार्वजनिक धाराहरु क्षति, नष्ट भएको हुन्छ ।
- व्यक्तिगत घरहरुमा रहेको चर्पिहरु भत्केको हुन सक्ने ।
- बाढिको धमिलो पानी मुहानमा मिसिई खानेपानी प्रदुषण हुने ।
- इनार, टयुबेल (चापाकल) क्षती हुन सक्छ ।
- खुल्ला दिसाको कारणले (हैजा) महामारी फैलन सक्छ ।

### विषयगत उद्देश्यः

- बिपद प्रभावित समुदायहरुलाई सफा पिउने पानी र सरसफाइको सेवा ब्यवस्थापन गरि (हैजा) महामारी फैलन नदिने ।

### विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | प्रभावित क्षेत्रको पहिचान गर्ने, शुद्ध पिउने पानीको व्यवस्था मिलाउन प्रयत्न गर्ने, अस्थायी शौचालय बनाउन सहयोग पुऱ्याउने, प्रभावित समुदायलाई खानेपानी ब्यवस्थापन गर्न आबश्यक पाइप, चापाकल ब्यवस्थापन गर्ने । | प्रभावित क्षेत्र पहिचानको लागि आबश्यक फर्मेट तयार गर्ने, आवश्यक मात्रामा ब्लिचिङ्ग पाउडर, पिउस, साबुन, बाल्टिन संकलन तथा भण्डारण गर्ने, आबश्यक मात्रमा प्लाष्टिक, प्यान वासको ब्यवस्थापन गर्ने, खानेपानी उपलब्ध गराउन आबश्यक सामाग्री ब्यवस्था गर्ने । | प्रभावित क्षेत्र पहिचान गर्ने, कस्तो किसिमको फर्मेट तयार गर्ने, सामग्री ब्यवस्थापन गर्न रकम उपलब्ध र ढुवानी गर्न समस्या पर्न सक्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय/ जिल्ला प्राबिधिक कार्यालय | २ लाख अनुमानीत |

| | | | | | |
|---|---|---|---|---|---|
| दोस्रो दिन | शुद्ध पिउने पानीको अस्थायी व्यवस्था मिलाउने, खानेपानीको धारा तथा पाइप लाईन विग्रेको, नष्ट भएको पहिचान गर्ने, झाडापखाला नियन्त्रण गर्न सहयोग गर्ने | अस्थायी रुपले खानेपानी उपलब्ध गराउन आवश्यक सामाग्रीहरु (पाईप, धारा, सकेट, जडान औजार) तयारी अवस्थामा राख्ने, जनचेतनामुलक कार्यक्रम संचालन गर्ने | सामग्री व्यवस्थापन गर्न, रकम उपलब्ध गर्न र ढुवानी गर्न समस्या | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय/ जिल्ला प्राबिधिक कार्यालय | |
| पहिलो हप्ता | खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना फैलाउने, खानेपानी स्थायी रुपले सञ्चालन गर्न आवश्यक सरसामान तथा स्रोतको आँकलन गर्ने | शुद्ध खानेपानी तथा सरसफाई सम्बन्धि चेतनामूलक पम्पलेट, पोष्टरहरु संकलन तथा तयार गरि राख्ने | | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय/ जिल्ला प्राबिधिक कार्यालय | |
| पहिलो महिना | खानेपानी योजनाहरुलाई स्थायी रुपले संचालन गर्न लगत इस्टिमेट तयार गर्ने, खानेपानीलाई स्थायी रुपमा संचालन गर्न सम्बन्धित निकायहरुसँग बजेट माग गर्ने | | सम्वन्धीत निकाय संग बजेट माग गर्दा निस्चित समय भित्र उपलब्ध गराउन सक्छ ? वा सक्दैन त्यसमा निर्भर छ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय/ जिल्ला प्राबिधिक कार्यालय | |
| दोस्रो महिना | बजेट प्राप्त भएपछि उपभोक्ता समितिसँग समन्वय गरि सम्झौता गर्ने र कार्य थालनी गर्ने | | | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय/ जिल्ला प्राबिधिक कार्यालय | |

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्व तयारी कार्यः**

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | क्षेत्रगत नेतृत्व गर्ने निकायहरुसँग समन्वय वैठक गर्ने, प्रभावित क्षेत्रको पहिचान गर्न आबश्यक पर्ने फर्मेट तयारीका लागि बैठक गर्ने, सरोकारवालहरुसँग के-कति सामग्री, जनशक्ति तथा भौतिक साधन उपलब्ध हुन सक्छ त्यसको जानकारी संकलन गर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | बैठक | विपद् पूर्व |

| | | | | |
|---|---|---|---|---|
| २. | ब्लिचिङ्ग पाउडर, पिउस आदि संकलित सामानहरुको Expiry date रुजु गर्ने, घरेलु /सामुहिक अस्थायी चर्पी निर्माण गर्न आवश्यक पर्ने प्यान पाइप प्लाष्टिक, वाँस आदिको सुची तयार गर्ने, खानेपानीको लागि तत्काल व्यवस्थापन गर्न ट्यांकरको सुची तयार गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | निरीक्षण कार्य समन्वय गर्ने । | विपद् पूर्व |

**पूर्वतयारी कार्य योजनालाई संवोधन गर्न विद्यमान समस्याः**

- प्रतिकार्य गर्नका लागि बजेटको अभाव ।
- विपद अनुमानित गरेको घर भन्दा धेरै प्रभावित भएमा व्यवस्थापन गर्न कठिनाई ।
- तत्काल व्यवस्थापन गर्नु पर्ने भएकोले सामान ढुवानी गर्न कठीनाई ।
- विपद अनुमानीत गरेको घर भन्दा धेरै प्रभावित भएमा मानव संसाधन परिचालन तथा व्यवस्थापन गर्न कठिनाई ।

**३.६. विषयगत क्षेत्रः प्राथामिक उपचार तथा स्वास्थ्य व्यवस्थापन**

मुख्य बिपद्को किसिमः बाढि, पहिरो (भूक्षय), हावाहुरी, वाली विपद्, आगलागी, सडक दुर्घटना, भुकम्प, महामारी, बन्यजन्तु आक्रमण, चट्याङ ।

**विपद्को अनुमानित अवस्थाः**

- धेरै मानिसहरु घाईते अवस्थामा हुन सक्छन् ।
- झाडापखाला, हैजा, टाईफाईड, औलो, डेंगु, आँखा पाक्ने समस्या, कालाज्वार, जापानिज इन्सेफलाईटिस, दादुरा, भाइरल ईन्फ्लून्जा, हेपाटाइटिस आदि रोगहरु पहिरो, बाढि तथा अन्य प्रकोपको कारणले फैलन सक्छ ।

**विषयगत उद्देश्यः**

- आपत्कालिन उपचार तथा महामारी नियन्त्रण गर्ने ।

**विपद् अवस्थामा आधारित आपतकालिन प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | स्थानिय स्तरमा गठित CRRT र जिल्लास्तरमा गठित DRRT परिचालन गर्ने, घाईतहरुको प्राथमिक उपचार गर्ने (Triag), सिकिस्त घाईतेहरुलाई उपचारका लागि अस्पताल पठाउने | विपद् व्यवस्थापन लागि CRRT र DRRT टोली गठन गरि तयारी अवस्थामा राख्ने, आकस्मिक औषधी, उपकरणहरु तयारी अवस्थामा राख्ने, पुर्व तयारी र जोखिम न्युनिकरण सम्बधि चेतनामुलक सन्देश प्रशारण, प्रकाशन | संकट, महामारी सम्बन्धि आधिकारिक सुचना संप्रेषण समुदायबाट स्वास्थ्यचौकी र स्वास्थ्यचौकीबाट जि.स्वा.का.मा हुनु पर्ने | जिल्ला जनस्वास्थ्य कार्यालय, स्वास्थ्य संस्था |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो दिन | उपचार कार्यलाई निरन्तरता दिने, स्वास्थ्य समस्या भएकाहरुको तथ्याङ्क संकलन, सरुवा रोगको सर्भिलेन्स गर्ने, रोगीको संख्या बढे वा घटेको थाहा पाउन नियमित विश्लेषण गर्ने | तथ्याङ्क संकलनका लागि फारम तयारी अवस्थामा राख्ने | | जिल्ला जनस्वास्थ्य कार्यालय, जि.वि.स., जिल्ला प्रशासन कार्यालय |
| पहिलो हप्ता | प्रकोप भएको रोगको संख्या पहिचान गर्ने, सम्भावित महामारी रोकथामको लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने जस्तैः अन्तरक्रिया, खानेपानी शुद्धिकरण, व्यक्तिगत तथा सामुदायिक सरसफाई अभियान, महामारी भएमा व्यवस्थापन गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने, उपचार व्यवस्थापन गर्ने, सर्भिलेन्स | थप आवश्यक औषधि खरिद, पानी शुद्धिकरणका सामाग्रीहरु, सन्देशमुलक/ शैक्षिक सामाग्रीहरु | | जिल्ला जनस्वास्थ्य कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नेपाल रेडक्रस सोसाइटी |
| पहिलो महिना | महामारी रोक्न स्वास्थ्य परिक्षण र थप उपचारको व्यवस्था गर्ने, नियन्त्रण र रोकथामको उपायहरुको अवलम्वन | औषधि तथा रोग निदानका सामाग्रीहरु आपूर्ति, सन्देश मुलक/शैक्षिक सामाग्रीहरु, शुद्ध पिउने पानीको व्यवस्था | | जिल्ला जनस्वास्थ्य कार्यालय, ने. रे.सो., खानेपानी तथा सरसफाई डिभिजन कार्यालय |
| दोस्रो महिना | रोगको बारेमा अनुसन्धान कार्य थालनी, स्वास्थ्य संस्थाहरुलाई Strthering साथै Alert अवस्थामा राख्ने | Expert and Surveillance Team गठन तथा परिचालन | | जिल्ला जनस्वास्थ्य कार्यालय, इपिडेमियोलोजी तथा नशा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला |
| सो भन्दा वढी | विपद्ग्रस्त क्षेत्रमा महामारी भएको अवस्थामा तल उल्लेखित कार्य गर्ने (रोग निदानको छानबिन गर्ने (Verification of diagnosis), महामारी भएकै रहेछ भनेर ठहर गर्ने (Confirmation of epidemic), प्रभावित मानिसको पहिचान र तिनिहरुको विश्लेषण (Identification of affected person and their characteristics), जोखिममा भएका समुदायको व्याख्या र खोजतलास (Definition and investigation of population at risk), महामारीको स्रोत र फैलावट बारे अनुमान गर्ने (Formulation of Hypothesis) अभिलेख संकलन तथा माथिल्लो निकायमा प्रतिवेदन (Recording anf Reporting), Preventive/ Promotive/ Curative service प्रारम्भ गर्ने, पृष्ठपोषण तथा भावि योजना निर्माण र कार्यान्वयनका लागि पूर्ण तैयारी अवस्थामा बस्ने (Feedback, Contingency planning, Ready to implement immediately) | | | |

नोटः बघौडा प्रा.स्वा.केन्द्र, जुटपानी प्रा.स्वा.के. तथा चण्डिभन्ज्याङ्ग स्वास्थ्यचौकीमा CRRT गठन भएको ।

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पुर्वतयारी कार्यः**

| क.सं. | प्राथमिकता प्राप्त पुर्वतयारी कार्यको सुची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | सम्भावित जोखिमको रोग सम्बन्धि जानकारी तथा वचावटका उपायबारे जनचेतना मूलक कार्यक्रम । | जिल्ला जनस्वास्थ्य कार्यालय | स्थानिय पत्रपत्रिका र सञ्चार माध्यम बाट प्रकाशन/प्रशारण | मनसूनपूर्व |
| २. | उपचार गर्ने स्थान र उपचार हुने स्वास्थ्यकर्मि, स्वास्थ्य संस्थाको बारेमा समुदायमा जानकारी गर्ने । | जिल्ला जनस्वास्थ्य कार्यालय | पत्रपत्रिका र सञ्चार माध्यम बाट प्रकाशन/प्रशारण | मनसूनपूर्व |
| ३. | औषधिको स्टक व्यवस्थापन र सम्भावित विपद्को स्थानमा औषधि आपुर्ति गर्ने । | जिल्ला जनस्वास्थ्य कार्यालय | औषधि खरिद तथा ढुवानी | मनसूनपूर्व |
| ४. | सन्देशमुलक शैक्षिक सामाग्री उत्पादन तथा वितरण | जिल्ला जनस्वास्थ्य कार्यालय | सामाग्री छपाइ तथा वितरण | मनसूनपूर्व |

**पूर्वतयारी कार्य योजनालाई संवोधन गर्न विद्यमान समस्याः**

- पर्याप्त वित्तिय स्रोतको अभाव ।
- समुदाय स्तरबाट महामारी सम्बन्धि यथार्थ सुचना प्राप्त हुने प्रकृयामा केहि समस्या रहनु ।

### ३.७. विषयगत क्षेत्रः आपत्कालिन शिक्षा

मुख्य बिपद्को किसिमः बाढि, पहिरो (भूक्षय), हावाहुरी, वाली विपद्, आगलागी, सडक दुर्घटना, भुकम्प, महामारी, बन्यजन्तु आक्रमण, चट्याङ ।

**विपद्को अनुमानित अवस्थाः**

- जिल्लाका ३६ गा.वि.स., २ न.पा.का करिव १२०. वटा विद्यालयहरु (कुल विद्यालयको २० प्रतिशत) पहिरो तथा बाढिको कारणले बन्द हुन सक्ने ।
- विद्यार्थीको किताब तथा शैक्षिक सामग्री आपत्कालिन अवस्थामा हराउनु वा नष्ट हुनु ।
- विद्यालयमा फर्निचर, पठन पाठन सामाग्री, अभिलेख सामाग्री, प्रयोगशाला सामाग्री आशिंक वा पूर्ण रूपमा क्षति हुन सक्ने ।
- शिक्षक तथा विद्यार्थीहरूको ज्यान जोखिममा पर्न सक्ने ।
- विद्यालयमा खानेपानीका लागि प्रयोग गरीने धारा, ट्यांकी, कुवा, शौचालयहरू क्षति हुने ।
- विद्यालय जाने बाटो घाटो अवरुद्ध हुने ।
- विद्यार्थी तथा शिक्षकहरू सरुवा रोग, झाडापखाला, ज्वरो आदिबाट प्रभावित हुने ।
- जिल्लाका लगभग ६० प्रतिशत भन्दा वढि विद्यालय, भवन भूकम्पीय दृष्टिकोणबाट जोखिम ।
- प्रभावित क्षेत्रका समुदायहरु संरक्षणको रुपमा विद्यालयको प्रयोग गर्नेछन् ।

**विषयगत उद्देश्यः**

- आपत्कालिन अवस्थामा पनि बालबालिकाको पढाईलाई निरन्तरता प्रदान गर्न ।
- विपद्को अवस्थामा बालबालिकामा हुने जोखिम न्यूनिकरण गर्न ।

**विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | सम्बन्धित विद्यालय प्र.अ.बाट प्रारम्भिक सुचना संकलन, शिक्षक, जुनियर रेडकस, बालक्लब र स्काउटको तालिम पाएका विद्यार्थीहरुलाई स्वयम् सेवकको रुपमा परिचालन गर्ने (समुदाय समेतलाई), स्रोत केन्द्र मार्फत प्रतिवेदन प्राप्त गर्ने | विद्यालयहरु, स्रोत केन्द्रहरुलाई सूचना गर्ने, | फोन तथा मोवाईल सम्पर्क हुन नसक्ने, सूचना दिने व्यक्ति सम्पर्क विहिन हुन सक्ने | जि.शि.का., स्रोतकेन्द विधालयहरु |
| दोस्रो दिन | जरुरी भए पहिलो दिनको प्रक्रियालाई निरन्तरता दिने, प्रकोपमा परेको विद्यालय तथा वालवालीकाको अवस्था विश्लेषण गर्ने, तत्काल प्रदान गर्न सकिने राहात कार्य शुरुवात गर्ने, प्राप्त सूचना तथा विश्लेषणको अवस्था जिल्ला प्रकोप व्यवस्थापन समितिमा जानकारी गराउने | तत्काल उपलब्ध गराउन सकिने राहात सामाग्रीहरुको व्यवस्थाका लागि आकस्मिक बैठक बस्ने | | जि.शि.का., स्रोतकेन्द विद्यालयहरु |
| पहिलो हप्ता | प्रभावित विद्यालयको स्थलगत अवलोकन गर्ने | | | जि.शि.का., स्रोतकेन्द्रहरु |
| पहिलो महिना | सहयोगी सघंसस्था तथा निकायहरुको समन्वय बैठक राखी सहयोग आव्हान गर्ने, पठनपाठन अवरुद्ध भएका विद्यालय र विद्यार्थी संख्या एकिन गरी पठनपाठन कार्य सञ्चालन गर्ने वैकल्पीक योजना तयार गर्ने, अनुगमन, मूल्याङकन र प्रतिवेदनका कार्यहरु प्रारम्भ गरी निन्तरता दिने | सहयोगी संघ संस्थाहरुको सम्पर्क सूचि तयार गर्ने | | जि.शि.का., स्रोतकेन्द्रहरु |
| दोस्रो महिना | क्षति भएका विद्यालयहरुको विवरण संकलन गरि आवश्यक निर्माण, मर्मत तथा वातावरणिय सुधारका कार्य गर्ने साथै अन्य संस्थाहरुको सहयोगका लागि सिफारिस गर्ने | आकस्मिक कोष खडा गरि राख्ने र सोको परिचालन निर्देशिका तयार गर्ने | जिल्ला शिक्षा कार्यालयमा आकस्मिक कोष राख्ने व्यवस्था हालसम्म हुन नसकेको | जि.शि.का., स्रोतकेन्द्रहरु |

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्यः**

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | विद्यालय प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई विपद् व्यवस्थापन सम्बन्धि अभिमुखिकरण गर्ने | जि.शि.का., स्रोतकेन्द्रहरु | कार्यशाला, तालिम | मनसूनपूर्व |
| २. | स्रोत केन्द्रस्तरमा विपद् सम्बन्धि तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्ने | स्रोत केन्द्रहरु | वैठक | निरन्तर |
| ३ | जिल्ला शिक्षा कार्यालयमा आकस्मिक कोष खडा गर्ने | जि. शि. का. | बैठक | निरन्तर |

**पूर्वतयारी कार्य योजनालाई संवोधन गर्न विद्यमान समस्याः**

- आर्थिक स्रोतको अभाव साथै विपद् व्यवस्थापन सम्बन्धि तालिम प्रदानका लागि स्रोत व्यक्तिको कमि ।

## ३.८. विषयगत क्षेत्रः संरक्षण

मुख्य बिपद्को किसिम : बाढि, पहिरो, सवारी दुर्घटना, चट्याङ, आगलागी, भुकम्प ।

**विपद्को अनुमानित अवस्थाः**

- महिला तथा वालवालीकाहरु हिंसा, दुर्वव्यवहारमा परेको हुन सक्छ ।
- आमाबाबु बेपत्ता, मृत्य, अशक्त अवस्थामा भएका परिवारका बालबालिकाहरु विचल्लीमा परेको हुन सक्ने ।
- बृद्धबृद्धाहरु, अपाङ्गता भएका व्यक्तिहरु वेवारिसे अवस्थामा भेटिन्छन् ।
- मानव अङ्गभङ्ग भएको अवस्था ।
- बालबालिकाहरु अभिभावक विहिन बन्ने अवस्था सृजना भएको हुन सक्नेछ ।
- हत्या, चोरी, डकैती, अपहरणका घटनाहरु हुन सक्छन् ।

**विषयगत उद्देश्यः**

- मानविय हिसावले विपद्मा परेका महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता र बेवारिसे अवस्थामा रहेका व्यक्तिहरुलाई संरक्षण प्रदान गर्ने ।

**विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न रिक्तताको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | विपद्को यथार्थ सुचना सम्बन्धित निकायबाट लिने र भौगोलिक स्थितिको बारेमा बुझ्ने, महिला प्रहरी सहित सामाजिक संघसंस्था र स्वयंसेवक संरक्षण टोली परिचालन गर्ने, स्थानिय महिला समूह परिचालन गर्ने, जिल्ला बालमञ्च, स्थानीय वालमन्च परिचालन गर्ने, बालबालिका, महिला, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरुलाई सुरक्षित स्थानमा राख्ने, बालबालिका, महिला, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरुको डर, त्रास आदिको अवस्था बारेमा बुझ्ने | सम्पर्क सुचिहरु तयारी अवस्थामा राख्ने, स्वयंसेवक संरक्षण टोली गठन गर्ने, घटनास्थल जाने टोली गठन गर्ने, तथ्याङ्क संकलन गर्नका लागि फारम तयार गर्ने, सूचनाहरु सार्वजनीक रुपमा जानकारी दिने | स्वयंसेवक संरक्षण टोली गठन नभएको अवस्था | महिला तथा बालबालिका कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| | सुत्केरी र गर्भवति महिलाहरुको पहिचान गर्ने र विशेष सुरक्षित स्थानमा राख्ने, वस्तु स्थितिको बारेमा जि.वि.स., जि.प्र.का.लाई जानकारी दिने | | | |
| दोस्रो दिन | सुत्केरी र गर्भवति महिलाहरुलाई सामुदायिक सेवा केन्द्रमा लैजाने, सुरक्षा प्रदान गर्न आवश्यक सामग्रीहरु र सहयोग जुटाउने, अभिभावक गुमाएका वा जोखिममा परेका वालवालीकाहरुको खोजी गरि उचित संरक्षण दिने मनोसामाजिक स्थितिको बारेमा जानकारी लिने | सामुदायिक सेवा केन्द्रको विवरण तयार गर्ने, मनोसामाजिक विमर्शकर्ता खोजी गरेर सम्पर्क नम्बरहरु लिने | सुरक्षा प्रदान गर्न आवश्यक सामाग्रीहरु तयारी अवस्थामा नभएको, सामुदायिक सेवा केन्द्रहरु अपुग | स्थानीय महिला समूह |
| पहिलो हप्ता | अभिभावक विहिन बालबालिकालाई संरक्षण केन्द्रमा लैजानको लागि आवश्यक पहल गर्ने, लैगीक हिंसा रोक्न छलफल गराउने, अंगभंग भएका व्यक्तिहरुलाई सहायता सामाग्री प्रदान गर्नको लागि सम्बन्धित निकायसँग पहल गर्ने । | क्षमता सहितको संरक्षण केन्द्रको सम्पर्क सूचि बनाउने, अपाङ्गता भएका व्यक्तिहरुलाई चाहिने सामाग्रीहरुको सूचि तयार गर्ने, अपाङ्गता भएकालाई सहयोग गर्ने संस्थाहरुको सूचि तयार गर्ने | जिल्लामा सरकारी स्तरमा संरक्षण केन्द्र नहुनु | जिल्ला बाल कल्याण समिति |
| पहिलो महिना | प्रभावित व्यक्तिहरुलाई आवश्यक सहयोग, प्राप्त गर्न सम्बन्धित निकायहरुसँग सम्पर्क गराउने र संस्थागत समन्वय गर्ने | | | |
| दोस्रो महिना | प्रभावीतहरुलाई पुनः स्थापित हुन सहयोग गर्ने | अवस्था र आवश्यकता हेरेर पुनःस्थापना गर्न पर्ने | | |

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य:**

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | महिला प्रहरी सेलहरुको सम्पर्क सूचि तयार गर्ने । | महिला तथा बालबालिका कार्यालय | वैठक | मनसूनपूर्व |
| २. | विपद्मा हुने हिंसा सम्बन्धि अभिमुखिकरण गर्ने । | महिला तथा बालबालिका कार्यालय | कार्यशाला | मनसूनपूर्व |
| ३. | विपद् व्यवस्थापन सम्बन्धि तालिम | जिल्ला विपद व्यवस्थापन समिती | तालिम | मनसूनपूर्व |

**पूर्वतयारी कार्य योजनालाई संवोधन गर्न विद्यमान समस्या:**

- प्रयाप्त आर्थिक स्रोतको अभाव ।
- विपद् व्यवस्थापन यथेष्ट ज्ञान, सिपको कमि ।
- संरक्षण कार्यलाई शिघ्रता प्रदान गर्न यातायातको साधन नभएको ।
- संचारका साधनहरुमा समन्वय तथा एकिकृत सूचना प्रसारण हुन नसक्नु ।

खण्ड–४ः

# कार्यान्वयन तथा पुनरावलोकन रणनीति

## ४.१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने

जिल्ला विपद् व्यवस्थापन समितिले स्वीकृत गरेको मिति देखि यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अविच्छिन्न रुपमा लागू हुनेछ। यो योजनालाई मार्गदर्शन अनुसार जिल्ला परिषद्मा अनुमोदनका लागि पठाउन जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक पहल गर्नेछ।

## ४.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना

जिल्लाका हरेक निकायहरूले विभिन्न विषयगत क्षेत्रमा आवद्ध रहि यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न सघाउनेछन्। साथै गाविस तथा नगरपालीका र त्यहाँ कार्यरत संघसंस्थाहरूले बिषयगत योजनाहरू कार्यान्वयन गर्न स्वयंसेवक एवं प्रतिनिधि छनौट गरि आवश्यक सहयोग गर्नेछन्। योजना कार्यान्वयनमा सबै पक्षहरुको सहभागितालाई प्राथमिकता दिईनेछ।

## ४.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधि

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको समग्र अनुगमन जिल्ला विपद् व्यवस्थापन समितिले यसका पदाधिकारीहरू मध्येबाट उपयुक्त व्यक्तिहरू संलग्न गरी एक कार्यदल बनाई गरिनेछ। योजना कार्यान्वयनको नियमित समिक्षा गरिनेछ। यो समिक्षा विपद् हुन सक्ने सम्भावित अवधि र प्रकोप भएका बखत दैनिक गरिने छ। समीक्षा तथा अद्यावधि गर्ने समय तालिका तपसिल अनुसार राखिएको छ

| योजना पुनरावलोकन समय | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य |
|---|---|---|
| असार २० गतेसम्म | जिल्ला विपद् व्यवस्थापन समिति, उपसमितिहरु र सरोकारवालाहरु | पुनरावलोकन तथा परिमार्जन |
| साउन महिनामा २ पटक वा आवश्यकता अनुसार सो भन्दा बढी | जिल्ला विपद् व्यवस्थापन समिति, गाविस, नपाका विपद् व्यवस्थापन समिति र सबै उपसमितिहरु | पुनरावलोकन तथा परिमार्जन |
| भाद्र महिनामा २ पटक वा आवश्यकता अनुसार सो भन्दा बढी | जिल्ला विपद् व्यवस्थापन समिति, गाविस, नपाका विपद् व्यवस्थापन समिति र सबै उपसमितिहरु | पुनरावलोकन तथा परिमार्जन |
| आश्विन महिनामा १ पटक वा आवश्यकता भएमा सो भन्दा बढी | जिल्ला विपद् व्यवस्थापन समिति, गाविस, नपाका विपद् व्यवस्थापन समिति र सबै उपसमितिहरु | पुनरावलोकन तथा परिमार्जन |
| पुष महिनामा १ पटक वा आवश्यकता भएमा सो भन्दा बढी | जिल्ला विपद् व्यवस्थापन समिति, गाविस, नपाका विपद् व्यवस्थापन समिति र सबै उपसमितिहरु | पुनरावलोकन तथा परिमार्जन |
| फागुन महिनामा १ पटक वा आवश्यकता भएमा सो भन्दा बढी | जिल्ला विपद् व्यवस्थापन समिति, गाविस, नपाका विपद् व्यवस्थापन समिति र सबै उपसमितिहरु | पुनरावलोकन तथा परिमार्जन |
| वैशाख महिनामा अर्को वर्षको निम्ति प्रक्रिया सुरु गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, गाविस, नपाका विपद् व्यवस्थापन समिति र सबै उपसमितिहरु | पुनरावलोकन तथा परिमार्जन र योजना अध्यावधिक गर्ने |

खण्ड–५:

# प्रतिवेदन तथा अभिलेखन

## ५.१. प्रतिवेदन तथा संचार

जिल्ला भित्र घट्ने प्रकोपको प्रकृतिका आधारमा समुदाय र जिल्ला तहका विभिन्न उपसमितिहरू वीच आवश्यक सञ्चार सम्पर्क कायम गरिने छ। विशेष गरि यस जिल्लामा पहिरो, बाढिको प्रकोपले प्रभावित गर्ने हुँदा धेरै स्थान र ठूलो मात्रामा विपद्को स्थिति भए सो समयमा दैनिक सम्पर्क गर्ने र संचार माध्यमलाई सूचना संप्रेषण गरिने छ।
बिषयगत अगुवाहरुले प्रतिकार्य सम्बन्धि प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिलाई बुझाउनु पर्नेछ। यस्तो प्रतिवेदन विपद् प्रतिकार्यका अवधिमा सकेसम्म दैनिक रुपमा तयार गरिने छ। साथै अनुगमन टोलीले तयार गरेको प्रतिवेदन समितिको हरेक बैठकमा प्रस्तुत गरिनेछ।

## ५.२. संस्थागत व्यवस्था

दैविप्रकोप उद्धार ऐन वा विपद् व्यवस्थापन योजनामा उल्लेख भए बमोजिम प्रतिकार्य योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनसंस्थागत रुपमा गरिनेछ। यसको संयोजन जिल्ला स्तरमा जिल्ला प्रशासन कार्यालय र गाविस तथा नपाहरुमा जिल्ला विकास समितिको समेत सहयोग लिई सम्बन्धित गाविस तथा नपाहरूले गर्नेछन्।

## ५.३. अभिलेखिकरण

जिल्लास्तरमा विपद् प्रतिकार्यको अभिलेखिकरण जिल्ला विकास समितिको कार्यालयले जिल्ला विपद् व्यवस्थापन समितिको सदस्य सचिवको हैसियतले गर्नेछ भने स्थानीय स्तरमा गाविस तथा नपाका विपद् व्यवस्थापन समितिहरूले नेतृत्व गर्नेछन्। जुनसुकै तहमा भएपनि नेपाल रेडक्रस सोसाईटी तथा सम्बन्धित सरोकारवालाहरूले अभिलेखिकरण कार्यलाई सहयोग गर्नेछन्।

## ५.४. अनुमोदन प्रक्रिया

यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको अनुमोदन प्रचलित ऐन बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिले बिषयगत निकायहरु एवं जिल्लाका सबै निकायहरुको सहभागितामा कार्यशालाको आयोजना मार्फत गरिएको छ।